बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

## 'स्थानीय तहसँगको सहकार्यमा बालविकास केन्द्रको स्तरोन्नति कार्यक्रम' का प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/३०

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको वार्षिक कार्यक्रम अन्तर्गत **'स्थानीय तहसँगको सहकार्यमा प्रत्येक जिल्लामा बालविकास केन्द्रको स्तरोन्नति कार्यक्रम'** सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा "स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यविधि, २०८२" बमोजिम तपसिलमा उल्लेख गरिए अनुसारको कागजातहरु सहित **बालविकास केन्द्र स्तरोन्नति सम्बन्धी योजना र कार्यविधिको अनुसूची-२ को ढाँचामा आवेदन** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (आवेदन दिने अन्तिम मिति २०८२/१०/१४ सम्म) यस कार्यालयमा पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

| कार्यक्रम | प्रस्ताव पेश गर्ने विद्यालयले पुरा गर्नुपर्ने शर्तहरु |
|---|---|
| स्थानीय तहसँगको सहकार्यमा प्रत्येक जिल्लामा बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रम | १. प्रारम्भिक बालविकास केन्द्रको उमेर समुहका कम्तिमा २० जनासम्म बालबालिका भर्ना भई अध्ययन गरिरहेको,<br>२. राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ ले निर्धारण गरे अनुरुप न्यूनतम सुविधा भएको छुट्टै भवन वा छुट्टै कक्षाकोठा भएको,<br>३. राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ ले निर्धारण गरेका क्षेत्रहरुमध्ये अनुसूची-१ मा उल्लेख भएका क्षेत्रहरुमा खर्च गर्न **लागत साझेदारी गर्न सक्ने रकम उल्लेख भएको** स्थानीय तहले गरेको प्रतिवद्धता सहितको सिफारिस पत्र,<br>४. सहकार्यका लागि कार्यालयबाट उपलब्ध हुने अनुदान रकमबाट ल्यापटप, सिसिटिभि खरिद गर्न, तलव भत्ता, शैक्षिक भ्रमण खर्च, बैठक भत्ता, खाना तथा खाजा र जग्गा खरिद शीर्षकमा खर्च पाइने छैन।<br>५. प्रदेश सरकारबाट विगत आर्थिक वर्षमा यो कार्यक्रम परेका विद्यालयले आवेदन दिन पाइनेछैन।<br>**प्रस्ताव सहित पेश गर्नुपर्ने कागजातहरुः**<br>१. प्रस्तावित बजेटको कार्यान्वयन योजना<br>२. राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ ले निर्धारण गरेका क्षेत्रहरुमध्ये स्थानीय तह र यस कार्यालयबाट सहकार्य गर्ने गरी **सम्बन्धित स्थानीय तहले गरेको लागत साझेदारी रकम उल्लेख भएको प्रतिबद्धता**सहित सिफारिस पत्र<br>३. बालविकास केन्द्रमा भर्ना भई अध्ययनरत बालबालिकाहरुको IEMIS अनुसारको नामनामेसी विवरण (स्थानीय तहबाट प्रमाणित प्रति)<br>४. बालविकास केन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरुको गठन मिति खुलेको स्थानीय तहको प्रमाणित पत्र<br>५. बालविकास केन्द्रको हालको अवस्थाको विषयमा बालविकास केन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको निर्णयसहित कार्यक्रम माग गर्ने निर्णय प्रतिलिपि<br>६. हाल कार्यरत सहयोगी कार्यकर्ताको नियुक्ति पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र र तालिम प्राप्त प्रमाण पत्र<br>७. हाल कार्यरत आयाको नियुक्ति पत्र<br>८. बालविकास केन्द्रको स्तरोन्नति कार्यक्रमको लागि हालसम्म कुनै पनि निकायबाट अनुदान प्राप्त नगरेको स्व:घोषणा पत्र<br>९. प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टि हुने थप आवश्यक कागजातको प्रमाणित प्रतिलिपि<br>१०. बालविकास केन्द्रको स्थिति झल्कने तस्बिरहरु। |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। | |

**पुनश्चः** सम्बन्धित कार्यविधि लगायत यस सूचनाको विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट https://sdokavre.bagamati.gov.np/ हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८४७१२३३८१ वा ९८५१४०१३२६ मा सम्पर्क गर्न सकिनेछ।

रन माया फ्याक

कार्यालय प्रमुख